# राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर

## शुभकामना सन्देश

अपाङ्गता भएका व्यक्तिहरूको ३४ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिमा समावेशी आयोगको तर्फबाट सम्मानित, सुरक्षित, उत्पादनशील तथा रोजगारमूलक जीवनको लागि राष्ट्रिय समावेशी आयोगको तर्फबाट शुभकामना व्यक्त गर्दछु।

सन् १९९२ को अक्टुबरमा "अपाङ्गता सम्बन्धी विश्व कार्ययोजनाको कार्यान्वयनको एक दशक पुरा भएको अवसरमा कार्यान्वयनको प्रगति समीक्षा गर्दै संयुक्त राष्ट्र संघको साधारण सभाले डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस घोषणा गरेपछि प्रत्येक बर्ष विश्वभरी विभिन्न कार्यक्रम गरी डिसेम्बर ३ का दिन यो दिवस मनाईंदै आइएको छ।

यस बर्षको अपाङ्गता भएका व्यक्तिको ३४ औं अन्तर्राष्ट्रिय दिवस **“Fostering Disability Inclusive Societies For Advancing Social Progress”** भन्ने अन्तर्राष्ट्रिय नारा तथा **"अपाङ्गता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको सम्बर्द्धन"** भन्ने राष्ट्रिय नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाउन लागिएको छ। नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७, सोह्रौं आवधिक योजनाले सामाजिक न्याय तथा समावेशी समाज निर्माणको लागि लिएको नीति अनुरुप अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण तथा सामाजिक समावेशीकरणका लागि राज्यका तीनवटै तहबाट कार्यक्रमहरू संचालन हुँदै आएका छन्। यसै सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यका हरेक क्षेत्रमा सहज पहुँचका साथै न्याय संगत बनाउन सरकारी, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाज, अपाङ्गताको क्षेत्रमा कार्यरत संघ संस्थाले आ-आफ्नो भूमिका निर्वाह गर्नु जरुरी छ।

त्यसैगरी यस आयोगले राज्यबाट संचालित नीति, कार्यक्रम तथा सामाजिक सुरक्षाको कार्यान्वयन अवस्थाको अनुगमन तथा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई उपयुक्त सुझाव दिनुका साथै नीतिगत सिफारीश गर्दै आएको छ। भविष्यमा आयोगले अध्ययन र अनुगमनका कार्यक्रमलाई अझै प्रभावकारी बनाउन प्रयत्नशील रहनेछ।

अन्त्यमा, नेपालको संविधानले प्रत्याभूत गरेको समावेशी र सहभागितामूलक सिद्धान्त कार्यान्वयन गरी अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण, पहुँचयुक्त समावेशी पूर्वाधार निर्माण तथा गुणस्तरीय सहायक सामग्री व्यवस्थापन, अपाङ्गमैत्री शिक्षा, स्वास्थ्य तथा रोजगारीमा सहज पहुँचको लागि एकजुट भई काम गर्न सम्बद्ध सबै पक्ष तथा सरोकारवालाहरूमा यस आयोगले हार्दिक अनुरोध गर्दछ।

हरीदत्त जोशी
कार्यवाहक अध्यक्ष
राष्ट्रिय समावेशी आयोग